annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५० पृष्ठ १२ | काठमाडौं, बुधबार ४ असार २०८२ | आषाढ कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४५ | WEDNESDAY, JUNE 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बाहिरी चक्रपथ, न खारेज न कार्यान्वयन




सरकारी आयोजना वर्षौंसम्म थलिने गरेको ज्वलन्त उदाहरण हो- बाहिरी चक्रपथ । २०६० सालबाट अघि बढाइएको यो आयोजनाको प्रगति भनेकै कार्यालय स्थापना गर्नु र कर्मचारीलाई तलब खुवाउनु मात्रै हो । अझ उदेकलाग्दो पक्ष त के छ भने- ०६२/६३ को राजनीतिक परिवर्तनपछि नै यो आयोजना ओझेलमा पर्‍यो । त्यस यताका कुनै पनि सरकारले यो आयोजनालाई अघि बढाउन पहल गरेनन् । त्यसैकारण आयोजना कस्तो अवस्थामा छ भने, 'न खारेज हुन्छ, न त कार्यान्वयन नै ।' तर, राजधानीमा बढ्दो सहरीकरण, अव्यवस्थित बसोबास र सार्वजनिक यातायातलाई सहज बनाउन यो आयोजना अघि बढाउनुपर्ने विज्ञहरू बताउँछन् ।

**सुनिता कार्की** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

| २०५६/५७ | २०६० | २०६१/६२ | २०६१/६२ | २०६५ | २०७४ | २०७५ | २०८२ |
|---|---|---|---|---|---|---|---|
| बाहिरी चक्रपथको परिकल्पना | कार्यालय स्थापना | बजेटमा आयोजनाको सम्बोधन | व्यवस्थित जग्गा एकीकरणको काम सुरु | सम्भाव्यता अध्ययन | आयोजना अघि बढाउने मन्त्रिपरिषद्को निर्णय | जग्गा एकीकरणको काम सुरु गर्न खोजिएको | हालसम्म शून्य भौतिक प्रगति |

## करणको १०० विकेट

**काठमाडौं** (अन्नपूर्ण) : नेपाली राष्ट्रिय टोलीका तीव्र गतिका बलर करण केसीले टीट्वेन्टी अन्तर्राष्ट्रिय क्रिकेटमा एक सय विकेटको कोसेढुंगा पूरा गरेका छन्। स्कटल्यान्डमा जारी त्रिकोणात्मक टीट्वेन्टी अन्तर्राष्ट्रिय शृंखलामा घरेलु टोलीका जर्ज मुन्सेलाई पेभेलियन पठाउँदै उनले एक सय विकेटको कोसेढुंगा पूरा गरेका हुन्। करणले दोस्रो ओभरको तेस्रो बलमा ओपनर मुन्सेलाई दीपेन्द्रसिंह ऐरीको हातबाट क्याच गराएका थिए। करणले ८० खेलमा विकेट संख्या १ सय १ पुर्‍याएका छन्। १ सय विकेटको कोशेढुंगा पूरा गर्ने करण दोस्रो नेपाली खेलाडी हुन्। यसअघि सन्दीप लामिछानेले एक सय विकेटको कोसेढुंगा पूरा गरेका थिए।

यसैगरी नेपाली टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरीले पनि ५० विकेट पूरा गरेका छन्। मंगलबार स्कटल्यान्डविरुद्ध सुरुवाती बलिङ गरेका उनले पाँचौं बलमा मार्क वाटलाई बोल्ड गर्दै ५० विकेट पूरा गरेका हुन्। दीपेन्द्रले ८० खेलमा ५० विकेटको कोसेढुंगा पूरा गरेका हुन्।

टीट्वेन्टी अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा सन्दीप लामिछाने छन्। उनले ५९ खेलमा एक सय १५ विकेट लिइसकेका छन्। उनले मंगलबार मात्रै स्कटल्यान्डका चार खेलाडीलाई पेभेलियन पठाएका थिए।




# श्रमदानको भुक्तानी विवादले धरान उपमहानगरपालिका तनावग्रस्त

### मेयर साम्पाङ र उपमेयर बेघाका समर्थकद्वारा एक अर्कामाथि आक्रमणको प्रयास

**रत्नप्रसाद आचार्य** | *धरान*

मेयर हर्क साम्पाङले श्रमदानबाट गरिएको कामको डोर हाजिर बनाई नगद भुक्तानी दिन खोजेको भन्ने विवादले धरान उपमहानगरपालिका दुई दिनदेखि तनावग्रस्त छ। उपमेयर अइन्द्रविक्रम बेघाले श्रमदानको रकम दिन असहमति प्रकट गरेपछि विवाद उत्पन्न भएको हो।

यही विवादका कारण मेयर साम्पाङ र उपमेयर बेघा समर्थकबीच मंगलबार झन्डै हात हालाहाल भएन, उपमहानगरपालिका तनावग्रस्त बन्यो। सर्दुखोला बाढी नियन्त्रणमा श्रमदानमार्फत भएको



**धरान उपमहानगरपालिकामा एक अर्काविरुद्ध आक्रमणमा उत्रिएका मेयर साम्पाङ र उपमेयर बेघाका समर्थकलाई साम्य पार्दै प्रहरीहरू ।** ● रत्नप्रसाद आचार्य

कामको रकम भुक्तानीबारे मेयर साम्पाङ, उपमेयर बेघा र प्रमुख प्रशासकीय अधिकृत अम्बिका चौलागाईंबीच सोमबार छलफल भएको थियो। उक्त छलफलमा बेघाले उपमहानगरपालिकाको विधि र प्रक्रिया विपरीत गरेको श्रमदानको रकम भुक्तानी दिन असहमति जनाएका थिए।

त्यसपश्चात् मेयर साम्पाङले समर्थक बोलाएर कार्यकक्षमै आफूलाई आक्रमणको प्रयास गरेको बेघाले आरोप लगाएका छन्। उनले नियमविपरीत आफूखुसी उपमहानगरपालिकाको डोजर प्रयोग गरेको भन्दै मंगलबार डोजरको चाबी खोसेका थिए। मेयर सम्पाङका समर्थकले मंगलबार पनि बेघालाई आक्रमणको प्रयास गरेका थिए।

बेघालाई साम्पाङका कार्यकर्ताले आक्रमण प्रयास गरेपछि वडाअध्यक्षहरू, माओवादी, एमाले र कांग्रेस कार्यकर्ताले पनि मेयर साम्पाङलाई कार्यकक्षमा नै आक्रमणको प्रयास गरेका थिए।

» बाँकी पृष्ठ ६

## इरानमा १८ नेपाली, सबै सुरक्षित

**काठमाडौं** (अन्नपूर्ण) : परराष्ट्र मन्त्रालयले इरानमा १८ जना नेपाली रहेको र सबै जना सुरक्षित रहेको जनाएको छ। इजरायल र इरानबीच द्वन्द्व चर्किंदै गएपछि त्यहाँ रहेका नेपालीको सुरक्षाको विषयलाई लिएर परराष्ट्र मन्त्रालयले चासो देखाएको हो।

मन्त्रालयले इजरायल-इरानबीचको द्वन्द्व र त्यसले त्यहाँ रहेका नेपालीलाई पार्न सक्ने सम्भावित समस्यालाई नजिकबाट नियालिरहेको जनाएको छ। इरानमा नेपाली कति संख्यामा छन् भन्ने यकिन नभए पनि हाल १८ जनासम्म नेपाली रहेको तथ्यांक छ। तीमध्ये ३ जना त्यहाँको भारतीय दूतावासमा, २ जना संयुक्त राष्ट्रसंघको कार्यालयमा, ८ जना विभिन्न कार्यालयमा र बाँकी ५ जना जेलमा रहेको स्रोतले बताएको छ।

उनीहरू त्यहाँ कसरी पुगे भन्ने कुरा खुलेको छैन। उनीहरू इरानमा रहेका विदेशी दूतावासमा कार्यालय सहयोगी, सुरक्षा गार्डलगायतका रूपमा काम गर्दै आएको दोहास्थित नेपाली दूतावासका एक अधिकारीले बताए।

» बाँकी पृष्ठ ६

# मधेसमा बढ्दै दुर्घटना, ३ वर्षमा १५ सयको मृत्यु

**मनिका झा** | *जनकपुरधाम*

**घटना १** : धनुषाका सक्रिय पत्रकार शिवेन्द्र रोहिताको गत वर्ष सवारी दुर्घटनामा मृत्यु भयो। जनकपुरधाम– ९ थापाचोकमा एकाबिहानै बा २१ च ३३४३ नम्बरको कारले पत्रकार रोहिता चढेको मोटरसाइकललाई ठक्कर दिएको थियो। रोहिताको घटनास्थलमै मृत्यु भएको थियो।

**घटना २** : रौतहटको वृन्दावन क्षेत्रमा खेतबाट बाटोमा चढाउन खोज्दा शनिबार ट्र्याक्टरको अगाडिको भाग उठ्यो। च्यापिएर चालकको मृत्यु भयो। ट्र्याक्टर चालक वृन्दावन– ७ का नजामोदिन मन्सुरी हुन।


**घटना ३** : पर्साको वीरगन्ज महानगरपालिकामा सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भयो। महानगरपालिका– २२ स्थित ड्राइपोर्ट सडकखण्डअन्तर्गत सीताराम चोकमा भएको सवारी दुर्घटनामा परी पर्सा छिपहरमाई गाउँपालिका– ३ झलमैया टोल निवासी रामाकान्त यादव र सोही ठाउँका विजय यादवको मृत्यु भएको थियो। अर्का एक जना २२ वर्षीय विजयकुमार यादव गम्भीर घाईते भए।

यी त केही उदाहरणमात्रै हुन्। मधेस प्रदेशमा पछिल्लो समय सवारी दुर्घटनाको निकै बढेको छ। पछिल्लो तीन वर्षमा मात्रै सवारी दुर्घटनामा १ हजार ५ सयभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार यस अवधिमा १८ हजार सवारी दुर्घटना भए। जसमा १ हजार ५ सय ५ जनाको ज्यान गुमाएको प्रदेश प्रहरी कार्यालयको भनाइ छ।

गत महिना मधेस प्रदेशमा सुरक्षा निकायका सबै अंगका अधिकृतको गोष्ठी भयो। गृहमन्त्री रमेश लेखकले सबैभन्दा ठूलो समस्या नै सवारीसाधन दुर्घटना रहेको गोष्ठीमा बताए। 'सवारीसाधन दुर्घटना र लागुऔषध अहिले देशका लागि प्रमुख दुई ठूला समस्या हुन,' गृहमन्त्री लेखकले भनेका थिए,

| आ. व. | सवारी दुर्घटना | दुर्घटनामा संलग्न सवारी साधन | मानिसको मृत्यु | गम्भीर घाइते | सामान्य घाइते | कारबाही संख्या | राजस्व |
|---|---|---|---|---|---|---|---|
| २०७९/०८० | ५९८८ | ८३७६ | ५४६ | २२०० | ७४७३ | ३५३९८३ | २६८६८६५०० |
| २०८०/०८१ | ६०५८ | ८५२९ | ५३० | २२४९ | ७४९६ | २५९२०३ | २३३०७९७५६ |
| २०८१/०८२ | ५९५६ | ८५१५ | ४२९ | २४०४ | ७४४८ | १७२३०८ | १५२११०३५८ |
| जम्मा | १८००२ | २५४२० | १५०५ | ६८५३ | २२४१७ | ७८४६९४ | ६५३८७६६१४ |

*स्रोत : मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम*




'पछिल्लो समय मधेसमा लागुऔषधको बढ्दो प्रयोगले सबै क्षेत्रलाई प्रभावित गरेको छ। यसको सेवन गर्नेहरूबाटै बढी अपराध भएका छन्। यसको सेवन गरेर सवारी चलाउँदा दुर्घटना भएका छन् र अन्य विभिन्न खालका सामाजिक समस्याहरू बढेका छन्। त्यसैले यस्तो गतिविधिलाई नियन्त्रण गर्न प्रहरी प्रशासन अझ बढी सक्रिय हुनु आवश्यक छ।'

चालु आर्थिक वर्ष ०८१/०८२ मा प्रदेशभरि १ हजार ८ सय २ सवारी दुर्घटना भए। यी दुर्घटनाहरूमा परी ४ सय २९ जनाले ज्यान गुमाए। २ हजार ४ सय ४ जना गम्भीर घाइते भए। सामान्य घाइते हुनेको संख्या ७ हजार ४ सय ४८ थियो। प्रहरीको कारबाहीमा १ लाख ७२ हजार ३ सय ८ जना परेका थिए र तिनीहरूबाट १५ करोड २१ लाख १० हजार ३ सय ५८ रुपैयाँ राजस्व संकलन भएको हो।

आव ०८०/०८१ मा प्रदेशमा ६ हजार ५८ सवारी दुर्घटना भए। जसमा ५ सय ३० जनाले ज्यान गुमाए। २ हजार २ सय ४९ जना गम्भीर घाइते भए। त्यसैगरी ७ हजार ४ सय ९६ जना सामान्य घाइते भएका थिए। सो बेला २ लाख ५९ हजार २ सय ३ व्यक्ति कारबाहीमा परेका थिए र जसबाट २३ करोड ३० लाख ७९ हजार ७ सय ५६ रुपैयाँ राजस्व संकलन भएको थियो।

प्रहरीका अनुसार आर्थिक वर्ष ०७९/०८० मा ५ हजार ९ सय ८८ सवारी दुर्घटना भए। ती दुर्घटनाहरूमा परी ५ सय ४६ जनाले ज्यान गुमाएका थिए। यी दुर्घटनाहरूमा गम्भीर घाइते हुनेहरूको संख्या २ हजार २ सय थियो। सो बेला ३ लाख ५३ हजार १ सय ८३ जनालाई प्रहरीद्वारा कारबाही गरिएको थियो र ती कारबाहीहरूबाट २६ करोड ८६ लाख ८६ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको थियो।

'मधेसमा हरेक युवासँग अहिले दुईपांग्रे सवारीसाधन देखिन्छन्। तर, तिनको प्रयोग गर्दा अत्यधिक लापरबाही हुने गरेको छ,' मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी भन्छन्, 'ट्राफिक नियमको अवहेलना, मादक पदार्थ सेवन गरेर सवारी चलाउने, हेलमेटको बेवास्ता गर्ने र तीव्र गतिमा सवारी चलाउनेजस्ता कारणले सयौं युवाले प्रत्येक वर्ष ज्यान गुमाउनु परिरहेको छ। यसलाई न्यूनीकरण गर्न समुदाय, परिवार र सरकार सबै पक्ष मिलेर सचेतना अभियानमा लाग्नु आवश्यक छ।'